# ग्लोबल आइएमई समुन्नत योजना – १ को
# इकाईधनी दर्ता किताब बन्द हुने बारेको सूचना

ग्लोबल आइएमई म्युचुअल फण्ड अर्न्तगत यस कम्पनीको योजना व्यवस्थापनमा सञ्चालित ग्लोबल आइएमई समुन्नत योजना - १ ले आर्थिक वर्ष २०७७/०७८ को लागि योजनाको इकाईधनीहरुलाई १०० प्रतिशत (कर सहित) का दरले योजनाको प्रतिफल वितरण गर्ने प्रयोजनको लागि योजनाको इकाईधनी दर्ता किताब **मिति २०७८ मंसिर २२ गते बुधबार १ (एक) दिन**का लागि बन्द हुने व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ। तोकिएको दर्ता किताब बन्द हुने मिति भन्दा अघिल्लो दिनसम्म नेप्सेको प्रणालीमा कारोवार भई प्रचलित कानुन बमोजिम तोकिएको समयावधि भित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र नगद प्रतिफलको हकदार हुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गराईन्छ।

साथै हालसम्म पनि इकाईधनीहरुले आफ्नो हितग्राही खातामा इकाई पठाउन बाँकि रहेको देखिएको हुनाले यथासिघ्र यस कम्पनीको कार्यालय नक्साल, काठमाण्डौमा वा इमेलः info@gicl.com.np मार्फत आफ्नो पूरा विवरण दिनु भई अभौतिकृत गर्न हुन र लाभांश वितरणका लागि हितग्राही खातामा बैंक खाता नम्बर तथा खाता रहेको बैंकको नाम समेत अद्यावधिक गर्न हुन अनुरोध छ।

---

***पुनश्च :*** हालसम्म पनि विभिन्न कारण (बैंक खाता अद्यावधिक नभएको, गलत खाता नम्बर, आफ्नै नाम नमिलेको तथा बैंकको नाम उल्लेख नगरेको कारणले)हरुले गर्दा योजनाको आ.व. २०७६/७७ को प्रतिफल प्राप्त भई नसकेका इकाईधनीहरुले यसै सूचनालाई आधार मानी विवरण अद्यावधिक गर्न हुन अनुरोध छ।

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लि.**
पो.ब.नं. २१५९९, वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौ
फोन नं. ४५४५६४९ फ्याक्स नं. ४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

**मिति २०७८/०८/१४ गतेको अभियान दैनिकमा प्रकाशित।**